

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० मंसिर २० गते बुधबार ❑ 6 Dec. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'रोजगारीको अवसर सृजना गर्न कृषि व्यवसायमा जोड'

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गाउँमा रोजगारीको अवसर सृजना गर्न कृषि व्यवसायमा जोड दिनुपर्ने बताउनुभएको छ।

गोरखाको सिरानचोक गाउँपालिकामा आजदेखि सुरु भएको पालिकास्तरीय चौथो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले कृषि उत्पादनलाई व्यावसायिक र आत्मनिर्भर बनाउन सके मात्र गाउँमा रोजगारीको प्रशस्त अवसर सृजना हुने बताउनुभएको हो।

मुख्यमन्त्री पाण्डेले पछिल्लो समय ग्रामीण क्षेत्रबाट अधिकांश युवा विदेशिने गरेको भन्दै गाउँमै रोजगारीको अवसर नहुँदासम्म युवालाई विदेश पलायन हुनबाट रोक्न नसकिने बताउनुभयो । "गाउँगाउँबाट युवा विदेशिनुपर्ने अवस्थालाई मध्यनजर गर्दै गाउँमै रोजगारीको वातावरण तयार गर्नुपर्छ, उहाँले भन्नुभयो, "प्रदेश सरकारले यसतर्फ सम्पूर्ण ध्यान केन्द्रित गरिरहेको छ।" कृषि पेशामार्फत गाउँमै माछा, मासु, दुग्धजन्य पदार्थ उत्पादनलगायत अन्य थुप्रै कृषि पेशालाई व्यावसायिक बनाउन सके गाउँमै प्रशस्त रोजगारीको अवसर तयार हुने उहाँको भनाइ छ । मुख्यमन्त्री पाण्डेले सरकारले वास्तविक किसानमा अनुदान पुर्‍याउनका लागि प्रदेश सरकारले उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्न लागेको समेत बताउनुभयो । प्रदेश सरकारले वास्तविक किसानमा अनुदान पुर्‍याउनका लागि चालु आवमा रु ५० करोड उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ।

"जसले उत्पादन गर्छ उसले अनुदान पाउने अवस्था बनाउन सकियो भने उत्पादन गर्नेलाई पनि हौसला र प्रोत्साहन हुन्छ, उहाँले भन्नुभयो, "सरकारको अनुदान पनि वास्तविक किसानको हातमा पुग्छ ।" मुख्यमन्त्री पाण्डेले किसानलाई कृषि पेशामा लाग्न हौसला प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । "किसानलाई स्वावलम्बी बनाउन र समूह वा सहकारीमार्फत व्यवसाय गर्न प्रोत्साहन जरुरी छ, उहाँले भन्नुभयो, "कृषि तथा पशुपालनमार्फत पनि मनग्य आम्दानी गर्न सकिने भएकाले किसानलाई हौसला प्रदान गर्नुपर्छ ।" उहाँले प्रदेश सरकारको क्षमताभन्दा धेरै जनताको आवश्यकता र माग रहेको भन्दै एकैपटक सबै आवश्यकता पूरा गर्न सक्ने अवस्थामा प्रदेश सरकार नरहेको पनि बताउनुभयो । उहाँले प्रदेशको बजेट रु पाँच अर्बको भए पनि जनताको माग भने रु पाँच खर्बभन्दा बढी रहेको उल्लेख गर्नुभयो ।

सरकारले आवश्यकताका आधारमा योजना तथा कार्यक्रम निर्माण गरेर मात्र काम गर्ने भन्दै उहाँले अनुत्पादक क्षेत्रमा लगानी नगर्ने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशभित्रका सबै जिल्ला र पालिकामा प्रदेश सरकारले समानुपातिक हिसाबले विकास निर्माणको काम अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## नेकपा एमाले समृद्धिका लागि सङ्कल्प यात्राको अभियान बिहीबार र शुक्रबार कास्कीमा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

नेकपा एमाले समृद्धिका लागि सङ्कल्प यात्राको अभियान अन्तर्गत मंसिर २१ गते बिहीबार र शुक्रबार कास्कीमा हुने भएको छ।

"बैतडीझुलाघाटदेखिपाँचथरको चिवाभञ्ज्याङसम्म समृद्धिका लागि संकल्पयात्रा"को एमाले पार्टी अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गरी सुरु भएको उक्त अभियान मंसिर २१ र २२ गते दुई दीन पोखरामा हुने तयारी गरिएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो । नेकपा एमाले कास्कीले पोखरा सहित कास्कीका विभिन्न ९ वटा स्थानमा अध्यक्ष ओली सहितको उक्त अभियानमा रहेका सदस्यहरुलाई स्वागत गरी तथा छलफल गर्ने भएको एमाले कास्कीका अध्यक्ष मनबहादुर गुरुङले बताउनु भयो । उहाँका अनुसार पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री ओलीले पोखराका दुई स्थान पोखरा २५ हेमजा र पोखराको तालचोकमा संक्षिप्त सम्बोधन गर्ने कार्यक्रम तय भएको छ । हेमजामा विहिबार दिउसो ४:३० बजे र तालचोकमा शुक्रबार बिहान ९:०० बजे अध्यक्ष ओलीले सम्बोधन गर्ने समय तालिका रहेको पार्टीले जनाएको छ।

त्यसै गरी मध्यपहाडी (पुष्पलाल) लोकमार्ग अन्तर्गत पर्ने पोखरा १६ को बिबाद भएकोले त्यसको बिषयमा आफुहरुले छलफल गर्ने भएको अध्यक्ष गुरुङले बताउनु भयो । बिबादमा रहेको उक्त स्थानमा गठन भएको आन्दोलनरत समितिसंग समेत छलफल गरी बिबाद टुंगाउने गरी पहिला जुन रुपमा उक्त परियोजनाको खाका कोरिएको थियो सोही अनुरुप हुने अध्यक्ष गुरुङले दाबी गर्नु भयो । अध्यक्ष ओलीको नेतृत्वमा पदाधिकारी, केन्द्रीय निकायका अध्यक्ष/प्रमुखहरू, भूगोल कार्यक्षेत्र नभएका स्थायी कमिटीका सदस्यहरू र तोकिएका व्यक्तिहरू संकल्प यात्राको केन्द्रीय टोलीमा सहभागी हुनु भएको छ । गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री एवं एमाले नेता खगराज अधिकारीले सामाजिक रुपमा अराजक तत्वहरु हावी हुँदा सरकारको सचेतना तथा प्रतिकार नगरेको आरोप लगाउनु भयो । संकल्प यात्राको कास्की जिल्ला अन्तर्गतको समय तालिका अनुसार मंसिर २१ गते दिउसो ३:०० बजे पर्वतबाट आएको टोलीलाई कास्कीको नयाँपुलमा स्वागत गर्ने भएको छ।

त्यसै गरी कास्कीको अन्नपूर्ण गाउँपालिका नागडाँडामा स्वागत, हेमजाको मिलनचोक, हेम्जामा स्वागत भेटघाट र खाना/बास (पोखरा) आएर हुने भएको छ । त्यसै गरी जिरो किमी पोखराबाट बिहान ७:३० बजे प्रस्थान गर्ने, अमरसिंहचोकमा स्वागत, तालचोकमा स्वागत, पिपलेबजार, रुपा गाउँपालिकामा कास्कीबाट बिदाइ हुने भएको एमाले कास्कीका सहसचिव दर्शन लामाले बताउनु भयो। नेपालको भौगोलिक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बिहीबारदेखि पोखरामा राष्ट्रिय औद्योगिक व्यापार मेला सुरु हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

पोखरा उद्योग वाणिज्य संघको आयोजनामा यही मंसिर २१ गते बिहीबार देखि संचालन हुने राष्ट्रिय औद्योगिक व्यापार मेलाको तयारी पूरा भएको छ।

पोखराको प्रर्दशनी केन्द्रमा आउदो पुस १ गतेसम्म संचालन हुने उक्त मेलाको तयारी पूरा भएको मंगलबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

यस बर्षको मेलामा विदेशी दुई देशका व्यवसायीक स्टलहरु सहित २ सय ५० स्टलहरु रहने भएको संघका अध्यक्ष पवनकुमार प्रजापतीले बताउनु भयो। उहाँका अनुसार डोम भित्र ५४, अटो तर्फ ५०, अन्य १ सय ४६ वटा स्टलहरु रहने भएका छन्। मेलामा बंगलादेश र पाकिस्तानबाट कटनका कपडा



देखि इलेक्ट्रिक लगायतका सामानहरुको प्रर्दशनी तथा बिक्रिको लागि उक्त मेलामा स्टलहरु रहने भएको अध्यक्ष प्रजापतीले जनाउनु भयो । नेपाल उद्योग बाणिज्य संघको समन्वयमा पहिलो पटक विदेशबाट केही व्यवसायीक स्टलहरु पोखरामा आउने भएको उहाँले जनाउनु भयो। उक्त मेलाको हालसम्म ९३ प्रतिशत मात्र अग्रिम स्टल बुकिङ भएको मेलाका स्टल बुकिङ संयोजक टिकाराम सुवेदीले बताउनु भयो। मेलामा औधोगिक, कृषि, हस्तकला, रेष्टुरेण्ट, सेवा मुलक, उद्यमशिल लगायतका स्टल बुकिङ भएको उहाँले जनाउनु भयो । गण्डकी प्रदेश बाहिरका करिब १५ प्रतिशत जसो विभिन्न व्यवसायीहरु आफ्नो व्यवसाय प्रबर्द्धन गर्न मेलामा सहभागि हुन लागेको उहाँले बताउनु भयो। संघका वाणिज्य उपाध्यक्ष एवं मेलाका स्टल व्यबस्थापन समितिका संयोजक समेत रहनु भएका उत्तममान बुद्धाचार्यले मेलाको स्टल निर्माण गर्न कार्य पूरा भएको बताउनु भयो। यसपाली उक्त मेलामा प्रबेश शुल्कको १० रुपैया भूकम्प प्रभावितहरुको लागि प्रदान गरिने भएको छ भने बिद्यार्थीबाट उठेको रकम मध्य ५ रुपैया जाजरकोट भूकम्प प्रावितहरुको लागि सहयोग गरिने भएको संघका वरिष्ठ उपाध्यक्ष गोकर्ण कार्कीले बताउनु भयो। 'लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने नाराका साथ आयोजना हुने मेला उद्यमशीलता विकासमा समर्पित भएको संघले जनाएको छ । मेलामा गण्डकी प्रदेशका विभिन्न जिल्लामा उत्पादित हस्तकला, बास्तुकला, कृषिजन्य उत्पादनको बिक्री र प्रदर्शनका अलावा, नयाँ औद्योगिक उत्पादनहरु, अटो प्रदर्शनी र मनोरञ्जनात्मक कार्यक्रम पनि समावेश गरिने भएको छ। उत्पादक र उपभोक्तालाई एउटै मञ्चमा ल्याउनु तथा सुस्ताएको बजार चलायमान बनाउनु मेलाको अर्को उद्धेश्य भएको अध्यक्ष प्रजापतीले बताउनु भयो। संघका महासचिव बलराम आचार्यले मेला सम्पन्न गर्न गर्न करिब ८० लाख खर्च हुने बताउनु भयो । उक्त मेलाबाट ९० लाख आम्दानी गरी १० लाख बचत गर्ने लक्ष्य राखिएको उहाँले जनाउनु भयो। मेलामा महिलाहरुलाई इच्छा अनुसारको तालिम उपलब्ध गराइने भएको संघले जनाएको छ । मेलाको अवसरमा केही हस्तकलाका सिलाई वुनाई, गुडिया वनाउने लगायतका तालिम उपलब्ध गराइने भएको छ भने अन्य तालिम आवश्यक भएकाहरुको फारम संकलन गरी बर्ष भरीमा कार्यक्रम मिलायर तालिम उपलब्ध गराइने भएको अध्यक्ष प्रजापतीले जनाउनु भयो। यस मेलामा महिलाहरुको लागि तालिम प्राप्त गर्न सुवर्ण अवसर नै भएको संघले जनाएको छ । संघले गतबर्ष करिब २० जनालाई तालिम दिए पनि ४ जना मात्र स्वरोजगार उद्यमशिल बन्न सफल भएको अध्यक्ष प्रजापतीले दाबी गर्नु भयो । विहिबार उक्त मेलाको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्धाटन गर्ने आयोजकले जनाएको छ भने मेला उद्घाटन हुनु पूर्व सन्ध्यामा संघको परिसरबाट पोखरामा प्रभातफेरी आयोजना गरिने भएको हो।

उक्त प्रभातफेरीमा सहभागी टिमहरुलाई उत्कृष्टताका आधारमा पुरस्कारको समेत व्यबस्था गरिएको छ। पोखराको प्रतिष्ठित व्यावसायिक घराना लक्ष्मी हाउस अन्तर्गतका लक्ष्मी हुण्डाइ, समृद्धि स्टिल्स र सुजल फुड्सको मुख्य प्रायोजनमा तथा पोखरा महानगपालिका र नेपाल पर्यटन बोर्डले मेलाको प्रवर्द्धन गरेका छन्। यसैगरी मुख्य सहप्रायोजकमा राष्ट्रिय वाणिज्य बैंक, याक ब्रेविड प्रालि, यती डिष्टिलरी प्रालि रहेको संघले जनाएको छ। संघले पोखरा महोत्सव २०५२, औधोगीक मेला २०४२ सालबाट नेपालमैपहिलो पटक मेला महोत्सवको सुरुवात गरेको संघले दाबी गरेको छ।

## ऋग्वैदिक हिमालय अन्तर्राष्ट्रिय सम्मेलन पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

मुक्त फाउण्डेशनको आयोजनामा आउँदो बिहीबार र शुक्रबार पोखरामा प्रथम ऋग्वैदिक हिमालय अन्तर्राष्ट्रिय सम्मेलन हुने भएको छ।

सम्मेलनमा वैदिक ज्ञान र आधुनिक समाज विज्ञानसँग सम्बन्धित विज्ञहरूबाट हिमाली समाज र संस्कृतिबारे खोज तथा अनुसन्धानात्मक कार्यपत्र प्रस्तुत हुने जनाइएको छ। सम्मेलनमा नेपाल, भारत, दक्षिणपूर्वी एसिया, यूरोप र अमेरिकाका ४० जना विषयविज्ञबाट प्राज्ञिक कार्यपत्र प्रस्तुत गर्ने आयोजित पत्रकार सम्मेलनमा फाउण्डेशनका अध्यक्ष दामोदर त्रिपाठीले जानकारी दिनुभयो । सम्मेलनमा नेपालको हिमाली सभ्यता, पर्यावरण र संस्कृतिबीचको अन्तर सम्बन्ध तथा यिनमा आधारित वैदिक ज्ञानमाथि बहस हुने जनाइएको छ । "ऋग्वेद सबैभन्दा पुरानो वैदिक शास्त्र हो, आधुनिक समाज विज्ञानसँग यसको अन्तरसम्बन्धलाई केलाउनु सम्मेलनको मुख्य उद्देश्य हो", फाउण्डेशनका अध्यक्ष त्रिपाठीले भन्नुभयो, "यो सम्मेलन शास्त्रमाथिको विवेचनाको प्रारम्भ हो ।" हिमालय क्षेत्रमा लेखिएको ऋग्वेद वैदिक सनातन धर्मग्रन्थ मात्र नभएर आधुनिक समाज विज्ञानका लागि समेत महत्त्वपूर्ण ज्ञानको भण्डार रहेको उहाँले उल्लेख गर्नुभयो । फाउण्डेशनले गण्डकी विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालयको मानवशास्त्र केन्द्रीय विभाग, त्रि-चन्द्र क्याम्पस, पोखरा महानगरपालिका, गण्डकी प्रज्ञा प्रतिष्ठानलगायत सङ्घसंस्थासँगको समन्वयमा सम्मेलन आयोजना गर्न लागेको हो । सम्मेलनको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गर्नुहुने आयोजकले जनाएको छ। सम्मेलनमा देशविदेशका विभिन्न विश्वविद्यालय, सांस्कृतिक, शैक्षिक तथा पर्यटकीय संस्थामा आबद्ध दुई सयभन्दा बढी व्यक्तिहरूको सहभागिता रहने जनाइएको छ।


## सुशासन किन ?

- ◆ कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- ◆ पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- ◆ भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- ◆ मानव अधिकारको प्रत्याभूति गर्न,
- ◆ सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- ◆ जनसहभागिता प्रवर्द्धन गर्न,
- ◆ जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- ◆ सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# २५ औं भदौरे पञ्चासे महोत्सव पुष ५ गतेदेखि हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर




कास्कीको अन्नपूर्ण गाँउपालिकामा अवस्थित सुन्दर पर्यटकिय गाँउ भदौरेमा यहि पुष ५ देखि ९ गते सम्म '२५ औं भदौरे पञ्चासे महोत्सव' हुने भएको छ । महोत्सवमा रजत जयन्ती, तमु ल्होसार, कोदोको परिकारको प्रवर्द्धन तथा फुटबल र नृत्य प्रतियोगिताका साथमा मनोरञ्जनात्मक कार्यक्रम हुनेछ।

भदौरे क्लब र भदौरे आमा समूहको आयोजनामा हुने महोत्सवमा विशेष सहयोगिको भुमिका अन्नपूर्ण गाउँपालिकाले निर्वाह गरेको छ । महोत्सवलाई भव्यरुपमा सम्पन्न गर्नका लागि आन्तरिक तयारी भइरहेको महोत्सव संयोजक विश्वदल गुरुङले जानकारी दिए।

आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षण गर्न महोत्सवले ठुलो भूमिका खेलेको हुँदा यसलाई निरन्तरता दिइएको क्लबका सल्लाहकार तथा अन्नपूर्ण गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष आइन्दल गुरुङले बताए । महोत्सवमा स्थानीय स्तरमा उत्पादित कोदोबाट बनाइएको विभिन्न खानाका परिकारको स्वाद लिन समेत उनले आग्रह गरे। महोत्सव अवलोकन गर्न आउने पाहुनालाई मनोरञ्जन गराउनका लागि खेलकुद तथा साँस्कृतिक कार्यक्रमका साथमा विशेष नृत्य प्रस्तुत गरिने भदौरे क्लवका अध्यक्ष अनिल गुरुङले जानकारी दिए । सुन्दर गाँउ अवलोकन गरि यसै ठाउँमा बस्न चाहनेका लागि होमस्टेको समेत व्यवस्था रहेको उनले बताए।

महोत्सवको साथमा भदौरेबाट पञ्चासे पर्यावरणीय पदयात्रा, होमस्टे, पञ्चासे योगा तथा मेडिटेसन, पञ्चासे ईको क्याम्प (सानो घर) आवास, पञ्चासे जंगल सफारी, फरेस्ट थेरापी तथा जंगल भ्रमणको अनुभव लिन सकिने पञ्चासे क्षेत्र विकास समितिका प्रवक्ता नबराज पौडेलले जानकारी दिए। महोत्सवमा हुने ७ ए साइड फुटबल प्रतियोगितामा प्रथम हुने टिमलाई नगद रु १ लाखका साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ भने दोश्रो हुने टिमले नगद ६० हजार रुपैयाका साथमा सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । त्यस्तै सेमिफाइनलसम्म मात्र पुग्ने टिमलाई २०-२० हजार रुपैयाँका दरले सम्मान गरिनेछ । पर्यटक आवासको लागि भदौरे गाँउमा होटेल तथा होमस्टेहरु सञ्चालित रहेका छन्। अन्नपूर्ण गाउपालिका वडा नं. ४ मा रहेको भदौरे गाउँ पोखरा देखि ३० किलोमिटर पश्चिममा रहेको छ। पञ्चासेको काखमा रहेको सो गाँउ आन्तरिक र वाह्य पर्यटकको एक आकर्षक स्थल पनि हो। शितल हावापानी रहेको सो मनमोहक गाँउ प्रकृतिक सुन्दरताले भरिभराउ छ । सैयौं प्रजातिका सुनाखरि पाइने प्रसिद्ध पञ्चासे संरक्षित वनको ठुलो क्षेत्र यसै गाँउमा पर्दछ। पञ्चासे पुग्ने प्रवेशद्वारको रुपमा पनि सो गाँउलाइ चिनिन्छ । मेला स्थलबाट अन्नपूर्ण हिम श्रृंखला अन्तरगत निलगिरी, धौलागिरि, माछापुच्छ्रे लगाएतका हिमालहरु प्रस्टरुपमा देख्न सकिन्छ।

# आइटीएफमा दोश्रो सर्किटका खेल जारी

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर



कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रंगशालामा जारी आइटीएफ जे-३० को दोश्रो सर्किट अन्तर्गत सिंगलतर्फ पहिलो चरणको खेल जारी छ । डबल्सतर्फको खेल क्वाटरफाइनल चरणमा पुगेको छ।

बुधबार ब्वाइज सिंगलतर्फ भएका खेलहरुमा जापानका रुया सासामोतोले भारतका कबिर चोथानीलाई ६-३,६-० ले, नेपालका सक्षम विक्रम शाहले भारतका अधिराज ठाकुरलाई ६-२,६-२ ले, भातरका जासोड डेभिडले भारतकै प्रनिल सर्मालाई ६-१, ६-१ ले, जापानका इप्पी मात्सुसिमाले भारतका सौरिस मोदीलाई ६-१,७-६ ले पराजित गरे।

ब्वाइज डबल्सतर्फ नेपालका आयुषमान हजुर घले र भारतका एस पञ्चासरीले भारतका हायाग्रिव अथ्रिया र इशान्त पटराको जोडीलाई ६-२,६-३ ले, भारतका दक्ष कुक्रेटी र अर्नव यादवको जोडीले नेपालका आर्यन गिरी र निहाल जंगबहादुर थापाको जोडीलाई ६-४,६-२ ले पराजित गरे।

गल्स सिंगलतर्फ जापानकी उता असाकुराले भारतका दिविजा मण्डेनीलाई ७-५,६-० ले, भारतका इशि महेश्वरीले भारतकै सेरी समालाई ६-४,२-६ र ६-२ ले, नेपालका सुनिरा थापाले भारतका सगुन कुमारी सगुनलाई ७-५,५-७ र ७-६ ले, भारतकी रिदी सिण्डेले भारतकै एन्जल पटेललाई ३-६,७-६ र ६-३ ले, थाइल्याडकी पिच छायापक श्रीमुकले भारतका राधा सध्रालाई ७-६,६-४ ले पराजित गरिन् । गल्स डबल्सतर्फ भारतका सिम्रन बण्डेला र अन्वि पुनागाण्टीको जोडीले नेपालका प्रशंसा मोक्तान र थाइल्याण्डकी पिच छायापक श्रीमुकलाई पराजित गर्दै अगाडी बढेका छन्।

# मनाङमा भारी हिमपात, जनजीवन कष्टकर

**पोखरापत्र संवाददाता**
मनाङ, १९ मंसिर

देशैभर मौसम प्रतिकूल रहेसँगै विकट जिल्ला मनाङमा भारी हिमपात भएको छ। अहिले मनाङमा हिमपात हुने बेला हो। कात्तिक अन्तिम सातादेखि यहाँ हिमपात हुने समय हो। यस वर्ष समयै हिमपात हुँदा किसानमा खुशी छाएको छ।

मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका पशुपालक किसान सोनाम लामाले परिवारका अन्य सदस्य काठमाडौँ गए पनि आफू र आमा भने पशुचौपायको हेरचाहका लागि गाउँमै बसेको बताउनुभयो। उहाँले भन्नुभयो, "परिवारका अरू सदस्य काठमाडौँ गयो । हामी जस्तै यिनलाई पनि भोक लाग्छ त्यसैले हेरचाह गर्न यहीँ छौँ आमा र म ।" हिमपात भएपछि चिसो बढेको उहाँले बताउनुभयो।

त्यसैगरी, मनाङ डिस्याङ-१ का पशुपालक किसान याङदुङ गुरुङले यस वर्ष समयमा हिमपात हुँदा स्थानीयवासी खुसी भएका बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले परेको हिउँ फागुन, चैतसम्म रहन्छ र पानी खेतीपातीलाई पानी पुग्छ। यसले उत्पादन पनि राम्रो हुन्छ। हिमपात हुँदा चिसोले पशुचौपायलाई घाँसपात र कुडोपानी गर्न र घरबाहिर निस्कनै मुस्किल भएको छ ।" किसान गुरुङका अनुसार चिसोले जनजीवन कष्टकर बने पनि समयमा हिमपात हुँदा खेतीपातीका लागि टेवा पुग्नेछ। हिमपात भएपछि स्थानीयवासीमा खेतीपातीका लागि पानी सिञ्चित हुने भएकाले उनीहरू खुसी भएका हुन्।

यस समयमा परेको हिउँ फागुन, चैतसम्म रहने भएकाले सिँचाइका लागि पानी बोटबिरुवाको जरासम्म पुग्छा हिमपात भएपछि यहाँ आवतजावत र दैनिक कामकाज गर्न सकस भएको छ । प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानले हिमपातका कारण जनजीवन कष्टकर भएको बताउनुभयो । उहाँले हिमपात जारी रहेकाले पर्यटक, स्थानीयवासी, कर्मचारी, कामदारलाई सचेत रहन आग्रह गर्नुभयो । सदरमुकाम चामेसम्म भारी हिमपात भइरहेको छ भने नासों गाउँपालिकाको डाँडाकाँडामा हिमपात भएको छ। हिमपात भएपछि स्थानीयवासी, पर्यटकलगायत सबै घरभित्र बस्न बाध्य भएका छन्।

# पोखरा १५ मा स्त्री रोग परीक्षण एवं नि:शुल्क औषधि वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर



पोखरा महानगरपालिका वडा नं. १५ कार्यालय तथा शहरी स्वास्थ्य केन्द्र पोखरा १५ को आयोजनामा स्त्री रोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविरबाट सयौं लाभान्वित भएका छन्।

राइट फर चिल्ड्रेन सहयोगी संस्था रहेको शिविरमा वडा नं. १५ का विभिन्न उमेरसमूहका महिलाहरुको उल्लेख्य उपस्थिति रह्यो। २ सय २० जना महिलाले स्वास्थ्य जाँच गराएको वडाध्यक्ष तोरणबहादुर बानियाँले जानकारी दिए। वडाले गत साउन ३० गते पनि पाठेघरको मुखको क्यान्सर र आङ खस्ने रोग सम्बन्धी निःशुल्क स्वास्थ्य शिविर गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले राम्रो स्वास्थ्य विकास र समृद्धिको सूचक भएको बताउँदै स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइन् । उनले भनिन्- 'जुन देशका नागरिक स्वस्थ हुन्छ, त्यो देश समृद्धिको दिशामा अगाडि बढ्छ । त्यसैले स्वास्थ्यलाई प्राथमिकतामा राख्नुपर्छ ।' एउटा नागरिक स्वस्थ भए परिवार, समाज र देशनै समृद्धिको बाटोमा अगाडि बढ्छ भन्दै उनले समय समयमा स्वास्थ्य जाँच गराउनुपर्नेमा जोड दिइन् । 'बिरामी भैसकेपछि मात्रै अस्पताल जाने अवस्था छ, अब त्यस्तो हैन समय सयममा जाँच गर्दा स्वस्थ रहन सहयोग पुग्छ।' उनले भनिन्- 'भौतिक विकास मात्रै नभएर मानवीय विकास पनि महत्वपुर्ण हो ।' एउटा घरको ब्यक्ति बिरामी हुदाँ परिवारनै अस्तब्यस्त हुने भएकाले स्वास्थ्यलाई ध्यान दिनुपर्ने उपप्रमुख गुरुङको भनाई छ।

कार्यक्रमको अध्यक्षतासमेत गरेका वडाध्यक्ष तोरणबहादुर बानियाँले मानवीय विकासमा स्वास्थ्य महत्वपूर्ण रहेको बताए । 'नागरिक स्वस्थ नभएमा पुर्वाधारको विकास गरेपनि त्यसको महत्व हुँदैन ।' उनले भने- 'स्वास्थ्य शिक्षा, कृषिलाई रणनीतिक योजनाका रुपमा अगाडि बढाएका छौँ ।' शिविरमा आवश्यकलाई औषधि वितरण गरिएको वडाध्यक्ष बानियाँले जानकारी दिए । शिविरमा स्त्रीरोग सम्बन्धी पाठेघर वा आङ खस्न सक्ने बारे उपचार तथा स्क्रीनिङ, पाठेघरको मुखको सम्भावित क्यान्सरसम्बन्धी जाँच, उपचार तथा परामर्श सेवा प्रदान गरिएको सहयोगी संस्था राईट फर चिल्ड्रेनले जनाएको छ। सन् २०१३ मा स्थापित यो संस्थाले बालबालिका तथा महिलाका लागि शिक्षा र स्वास्थ्यका क्षेत्रमा विविध कार्यक्रम गर्दै आएको छ । छातीको क्यान्सरपछि विश्वमा सबैभन्दा बढी महिलाहरु पाठेघरको मुखको क्यान्सरबाट पीडित हुने गरेका छन्। पाठेघरको मुखको क्यान्सर गर्भाशयको तल्लो भागमा हुनेगर्छ। अर्थात गर्भाशय र योनीलाई जोड्ने भागमा हुन्छ। यस प्रकारको क्यान्सरको सुरुवात महिलामा ३५-४० बर्षको उमेरपछि हुन्छ। यो रोग सुरु हुँदा विशेषगरी महिलाको मासिक स्राव अनियमित हुन्छ र योनीबाट धेरै रगत स्राव हुन्छ। पाठेघरको मुखको क्यान्सरलाई निकै खतरनाक मान्ने गरिन्छ । किनभने यो पाठेघरको मुखमा फैलिएर कलेजो, ब्लाडर, योनी, फोक्सो र मिर्गौलासम्म फैलन्छ।

यसले शरीरका भित्री अंगहरुमा नराम्ररी प्रभावित बनाउँछ । जबकी पाठेघरको मुखको क्यान्सर क्रमस विस्तारै विस्तारै बढ्ने भएकाले कतिपयले यसको सुरुवाती लक्षण थाहा पाउँदैनन् । जब समस्या गम्भिर बन्छ, तबमात्र यो क्यान्सर फैलिएको थाहा हुन्छ । यदि सुरुवाती चरणमै यसको लक्षण थाहा भयो भने उपचार सम्भव र सहज हुन्छ।

## नेकपा ...

संरचनामा पहाडको विशेष महत्व भएकोले पहाडको विकास बिना नेपालको विकास नहुने पार्टी कास्की इन्चार्ज थम माया थापाले बताउनु भयो। पहाड जैविक विविधताका दृष्टिले समृद्ध रहेको जलस्रोतको विकासको सर्वाधिक सम्भावना बोकेको उहाँको भनाई थियो । जटिल भौगोलिक संरचना, छरिएका बस्तीहरू, प्राकृतिक विपत्तिको उच्च जोखिम, बन्य जन्तुहरूका कारण कृषि उत्पादनमा ह्रास तथा जलवायु संकट पहाडको विकासका मुख्य चुनौती रहेको छ। यिनै चुनौती र सम्भावनाहरूलाई ध्यानमा राखेर एमालेले पहाडी क्षेत्रको विकासका लागि रणनीतिक महत्वका पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य र खानेपानी संरचना एवं विद्युतीकरण लगायत महत्वपूर्ण योजना अगाडि बढाउँदै आएको अध्यक्ष गुरुङले बताउनु भयो।





**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्बर

## सम्पादकीय

# अदालतको विवेकसम्मत निर्णय

जिल्ला अदालत रुकुम पश्चिमले साढे तीन वर्षअघि चौरजहारी नगरपालिका सोतीगाँउमा भएको नवराज विकसहित ६ जनाको हत्याको घटनामा २३ जनालाई जन्मकैदको सजाय सुनाएको छ । मंगलबार जिल्ला अदालतका न्यायाधीश खडकबहादुर केसीको इजलासले उक्त घटनामा क्रुरतापूर्वक हत्या गरेको अदालतले स्वीकार गरेको छ । घाइतेको हकमा ज्यान मार्ने प्रयास गरेको, अपहरण गरी शरीर बन्धक बनाई हत्या गरेको र जाती भेदभाव तथा छुवाछुत गरेको आरोपमा तत्कालिन वडाध्यक्ष डम्बरबहादुर मल्लसहित २३ जनालाई जन्मकैदको सजाय सुनाएको छ ।

ज्यान मुद्दाको सजाय पाउनेमा जन्मकैदको मुद्दामा सजाय पाउने अन्यमा नवराजकी प्रेमिकाका बाबु (नाम गोप्य), प्रेमबहादुर ठकुरी, सन्तोष मल्ल, मोहन पुन, मानबहादुर मल्ल, टोपबहादुर मल्ल, सविन पुन, एकटटउ नाबालक, डिल्लीमल्ल ठकुरी, तिलक चन्द, इन्द्रबहादुर ठकुरी, लिपेन्द्रकुमार मल्ल, हर्कबहादुर मल्ललाई जन्मकैदको सजाय सुनाइएको जिल्ला अदालत रुकुम पश्चिमका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाले जानकारी दिए । त्यस्तै विनोद मल्ल, नेत्रबहादुर मल्ल, रेशमबहादुर मल्ल, धनराज राना, नविन घर्ती, भीम पुन, विराज पुन, विष्णु मल्ल र रमित मगरलाई पनि जन्मकैदको सजाय सुनाइएको छ । उनीहरु हाल पुर्पक्षका लागि थुनामा नै छन् । मानिस मानिस बीच जातको आधारमा गरने काम रोक्नु समयको माग हो ।

नवराज विककी प्रेमिका, उनकी आमा र भाइले ज्यान मारेको आरोपबाट सफाइ पाएका छन्, तर जातीय छुवाछुतको आरोपमा दोषी ठहर भएका छन् । उनीहरुलाई जनही २ वर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना गरिएको छ । सूचना अधिकारी कोइरालाले भने, 'यसअघि धरौटीमा छुटेकाहरुले ज्यान मारेको आरोपबाट सफाइ पाए । किशोरी, उनकी आमा र नाबालक भाइ भने जातीय छुवाछुतको आरोपमा मात्रै दोषी ठहर भएका छन् ।' हरेक पिडितका परिवारलाई ४० हजार रुपैंयाका दरले क्षतिपूर्ति भराउने आदेश भएको छाअदालतलेगरेको आदेशलले जातिको आधारमा गरिने दुर्व्यबहारलाई रोक्म दबाब दिएको छ ।

घटनामा संलग्नको आरोप लागेका दीपेन्द्र चन्द, तुलबहादुर मल्ल, इन्द्रबहादुर मल्ल, भीमबहादुर बुढा, डिल्ली घर्ती, लोकेन्द्र घर्ती, तुलाराम घर्ती र सौरभ पुन गरी ८ जनाले सबै मुद्दामा सफाइ पाएका छन् । जातीय घृणा र विभेदका जगमा जाजरकोटका नवराज विक सहितका युवालाई हत्या गरेर भेरी नदीमा फाल्ने अपराध विरुद्ध नेपालको प्रेस र न्यायालयले लोकतन्त्रका लागि रक्षक बन्न पुगेको दृष्टान्त पेश गरेका छन् ।

'अर्काको घरमा अनुमति नलिइकन गएको', 'स्थानीयले सोधखोज गर्दा भाग्ने क्रममा भेरी नदीमा हाम फालेर आत्महत्या गरेको', 'माथिल्लो जातकी अर्काकी छोरी चेली ताकेको' भन्ने स्तरका कथनहरुका पछि नलागी प्रेसले रुकुमपश्चिममा नवराज विक सहितका युवाको हत्या भएको घटनाको वास्तविकता सार्वजनिक गर्न 'होहल्ला' गरिरह्यो । अनि अनुसन्धान, अभियोजनपछि परिस्थिति र प्रमाणको मूल्याङ्कन गरेर १८ महिनापछि मंगलबार रुकुमपश्चिम जिल्ला अदालतले विवेकसम्मत निर्णय गरेको छ । पीडितका परिवारले न्याय पाएको अनुभूति गर्न पाएका छन ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : मानसिक तनाब | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# चुम र नुब्री भ्याली आसपासका क्षेत्रमा हिमपात

**पोखरापत्र संवाददाता**
गोरखा, १९ मंसिर

उत्तरी गोरखाको सामागाउँलगायतका उच्च हिमाली क्षेत्रमा हिमपात भएको छ । जिल्लाको चुम र नुब्री भ्याली आसपासका क्षेत्रमा सोमबारदेखि हिमपात भएको चुमनुब्री गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो ।

चुम भ्यालीको चुम्चेत र छेकम्पार तथा नुब्री भ्यालीको ल्हो, प्रोक र सामागाउँलगायतका क्षेत्रमा हिमपात परेको उहाँले बताउनुभयो । "हिजोदेखि ल्हो भन्दामाथि हिउँ परिरहेको छ", उहाँले भन्नुभयो, "ल्हो, प्रोक र सामागाउँ तथा साम्दोमा पनि हिउँ परिरहेकाले चिसो अत्यधिक बढेको छ ।"

हिमपात सुरु भएसँगै दैनिक जनजीवन प्रभावित हुन थालेको साम्दोका होटल व्यवसायी निमादोर्जे लामाले बताउनुभयो । हिमपातका कारण गाईवस्तुलाई चराउन र घाँसपातका लागि समेत कठिनाइ हुन थालेको उहाँको भनाइ छ । अत्यधिक चिसोका कारण अहिले खानेपानीका मुहानमा पानी जम्न थालेपछि पानीको समस्या हुन थालेको छ ।

चिसोले वृद्धवृद्धा र बालबच्चालाई बढी समस्या भएको उहाँले बताउनुभयो । साम्दो गाउँ समुद्री सतहबाट तीन हजार पाँच सय ५० मिटर उचाइमा पर्दछ । उच्च हिमाली क्षेत्र भएका कारण त्यहाँ अन्य क्षेत्रमा भन्दा बढी हिमपात हुने गर्दछ । त्यस्तैगरी चुम भ्यालीतर्फको अन्तिम गाउँ निलेमा पनि हिमपात भइरहेको स्थानीयवासी छाङदोर्जे लामाले जानकारी दिनुभयो । हिमपातका कारण घरपालुवा पशुवस्तुलाई चरन क्षेत्रमा लैजान समस्या भएको लामाको भनाइ छ । निलेगाउँ समुद्री सहतबाट तीन हजार तीन सय मिटर उचाइमा पर्दछ । हिमपात पर्न सुरु भएसँगै मनास्लु पदमार्गमा जाने स्वदेशी तथा विदेशी पर्यटकलाई समेत समस्या भएको छ ।

मनास्लु क्षेत्रमा पुगेका पर्यटक अहिले होटलमै आश्रय लिएर बसिरहेको मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप)को कार्यालयले जनाएको छ । चुम भ्यालीको चुम्चेत र छेकम्पारमा पनि सोमबारदेखि नै हिमपात भएकाले चिसो बढेको स्थानीवासीको भनाइ छ । हिमपात हुन थालेपछि किसान भने खुसी भएका छन् । हिमपातका भएपछि सुक्खा भएको जमिनलाई पानी मिल्ने र उब्जनी राम्रो भएकाले किसान खुसी भएका हुन् । लामो समयसम्म पानी नपर्दा जमिन सुक्खा हुने भएका कारण हिउँ पर्दा खेतीबालीलाई राम्रो हुने विश्वास गरिन्छ । साथै अहिले परेको हिउँले यार्सागुम्बा पनि राम्रो निस्कने साम्दोका व्यवसायी निमादोर्जे लामाले बताउनुभयो ।

# भुक्तानी नहुँदा दर्जनभन्दा बढी आयोजना अलपत्र

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ मंसिर

समयमै भुक्तानी नहुँदा बागलुङमा साना तथा ठूला दर्जनौं आयोजना अलपत्र परेका छन् । कतिपय आयोजना निर्माण कम्पनीको लापरबाहीले त कतिपय बजेट अभावका कारण अलपत्र परेका हुन् ।

पछिल्लो समय धमाधम काम भइरहेका आयोजना पनि भुक्तानीका कारण रोकिएका छन् । विशेष गरी भुक्तानी नहुँदा दुई ठूला आयोजना ठप्प भएका छन् । बागलुङ प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ अन्तर्गतको बागलुङ बजार, सिगाना, बरेङ-गुल्मी शान्तिपुर सडक र निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गतको हरिचौर, मल्म-पाण्डपखानी रुमुवा, रणसिंह, भिमगिठे हुँदै प्युठान जोड्ने सडकको काम ठप्प भएका हुन् । सडक निर्माण ठप्प हुँदा स्थानीयवासीलाई सास्तीसँगै समयमै काम नहुँदा बनेका संरचना जीर्ण बन्ने थप लागत बढ्ने जोखिम बनेको छ । बजेट अभावमा दुई ठूला आयोजनासहित बागलुङ र पर्वत जोड्ने जैमिनीघाट मोटेरवल पुल, बडिगाड मोटरेवल पुलमा, बोझ्गादोभान पुललगायतका दर्जन बढी आयोजना अलपत्र पर्ने अवस्थामा पुगेका हुन् । बजेट अभावमा खास गरी बहुवर्षे आयोजनाका कामले गति लिन सकेको छैन । दुई वटा निर्वाचन क्षेत्र अन्तर्गतका सडकमा निर्माण कम्पनीले धमाधम काम गरेका थिए । गत आर्थिक वर्ष काम गरेको करोडौं रकम पाउन नसकेपछि कामदार र मेसिन फिर्तासमेत लगेका छन् । समयमै भुक्तानी नहुँदा आफूहरुले ठूलो नोक्सान बेहोर्दै आएको निर्माण कम्पनी बताउँछन् ।

निर्वाचन क्षेत्र नं १ अन्तर्गतको बागलुङ बजार, सिगाना, बरेङ-गुल्मी शान्तिपुर सडकको जिम्मा पाएको निर्माण कम्पनी कर्ण विल्डर्सले जिल्लामै सबैभन्दा छिटो काम गरेर आयोजना समयमै सक्ने अवस्थामा पुगेको थियो । तर अहिले काम रोकिएपछि निर्माणाधीन सडकको अवस्था निकै जोखिमयुक्त बनेको छ । तीस महिनाको समय पाएको निर्माण कम्पनीले हालसम्म ४५ प्रतिशत बढी काम गरेको छ । भुक्तानी नपाएपछि करिब छ महिनादेखि काम रोकिएको छ । कर्ण विल्डर्सका प्रमुख नवीन गुरुङले गतवर्ष काम गरेको रु दुई करोड ५० लाख अहिलेसम्म पाउन नसक्दा काम रोक्न बाध्य भएको बताउनुभयो । निर्माणका लागि सडक डिभिजन कार्यालयसँग रु २९ करोडको सम्झौता गरेको काम सुरु गरेको भन्दै हालसम्म रु नौ करोड ५० लाखभन्दा बढीको काम गरेको उहाँले बताउनुभयो । "लामो समय भुक्तानी पाउन सकिएन, भुक्तानी नपाएपछि काम गर्न सक्ने अवस्था आएन, त्यसले गर्दा अहिले काम रोकिएको छ, कामदार र मेसिन पनि अन्तै पठायौं, म्याद सकिनुभन्दा अगाडिनै काम सक्ने उद्देश्य थियो, काम रफ्तारमा भएको थियो तर भुक्तानी आएन", गुरुङले भन्नुभयो, "अहिले व्यवहार मिलाउन साह्रै गाह्रो भएको छ, यस मितिमा भुक्तानी हुन्छ भन्दा विश्विकै मैले तत्काल कामदार र मेसिन लगाएर काम थालिहाल्थे, तर भुक्तानी कहिले हुन्छ भन्ने थाहा छैन, समयमै काम नगर्दा गाह्रो पनि लागत बढ्ने, बनाएका 'बेस' बिग्रिने हुँदापछि थप समस्या हुन्छ ।" सडक डिभिजन कार्यालय बागलुङका सूचना अधिकारी अमर अधिकारीले समयमै भुक्तानी दिन नसक्दा बागलुङमा साना ठूला गरी एकदर्जन बढी आयोजनाको काम रोकिएको बताउनुभयो । यसवर्ष पनि धेरै कम बजेट आउँदा काम गर्न समस्या हुने उहाँको भनाइ छ । अघिल्लो वर्ष काम गरेका विभिन्न निर्माण कम्पनीलाई रु सात करोड ४२ लाख बढी रकम भुक्तानी गर्न बाँकी रहेको अधिकारीले बताउनुभयो ।

भुक्तानी गर्न नसक्दा निर्माण कम्पनीलाई काम गर्न लगाउन पनि गाह्रो भएको उहाँ बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यस कार्यालयबाट सञ्चालन भएका धेरै आयोजना भुक्तानी नपाउँदा रोकिने अवस्थामा पुगेका छन्, अघिल्लो आर्थिक वर्षको ठूलो रकम उहाँहरुलाई भुक्तानी गर्न बाँकी छ, यसवर्ष पनि निकै न्यून बजेट आएको छ, निर्माण कम्पनीलाई काम लगाउनै गाह्रो भएको छ, तीन वटा ठूलो आयोजनाको अघिल्लो वर्षकै करोडौं रकम हामीले भुक्तानी गर्नुपर्ने छ ।"

# बजार मोहले मातृ भाषा संरक्षणमा चुनौती

**पोखरापत्र संवाददाता**
बागलुङ, १९ मंसिर

एक दशक अगाडिसम्म वरपरका छरछिमेकीले रमाइलो हुने गाउँ अहिले सुनसान हुन थालेका छन् । गाउँमा बस्नेको सङ्ख्या घट्दै गएपछि बागलुङको निसीखोला क्षेत्रमा बोलिने 'मगर खाम भाषा' पनि लोप हुने जोखिम बढेको छ ।

गाउँमा भएका बूढापाकाले मगर खाम भाषा नै बोल्ने गरे पनि अहिले बालबालिकाले कममात्रै बोल्छन् । युवायुवती सहरबजारमा बस्ने हुँदा उनीहरूले त्यहाँ नेपाली भाषाको प्रयोग गर्छन् । हरेक वर्ष गाउँ छाड्नेको सङ्ख्या बढेसँगै भाषा बोल्ने पनि कम हुँदै गएको पाइन्छ । बालबालिका पनि पछिल्लो समय सुविधायुक्त बजारमा झरेर पढ्न थालेपछि नयाँ पुस्ताले आफ्नै भाषा नबुझ्ने खतरासमेत बढेको स्थानीयको भनाइ छ । मगर खाम भाषा आठार मगरातअन्तर्गत बागलुङको निसीखोला गाउँपालिका-५ र ६ गरी दुईवटा वडामा मात्र बोलिन्छ । खाम भाषा मगर समुदायले मात्रै नभई निसीखोलामा दलित समुदायका स्थानीयले पनि बोल्ने गर्दछन् । पशुपालन र खेती किसानी यहाँका स्थानीयको मुख्य पेसा हो । पहिले-पहिले लेकबेँसी र घाँसदाउरा गर्दा खाम भाषामै गीत गुनगुनाउने गरे पनि अचेल नयाँ पुस्तालाई कुराकानीमा पनि समस्या हुने गर्दछ । खाम भाषालाई आफ्नो पहिचान मान्ने यहाँका बूढापाका पछिल्लो समय भाषाको प्रयोग कम हुन थालेपछि चिन्तित बनेका छन् । कहिले र कसको पालादेखि यो भाषा बोल्न थालिएको भन्ने यकिन नभए पनि संरक्षण गर्नुपर्नेमा पाकापुस्ताको चासो छ । निसीखोला गाउँपालिकाले पाठ्यपुस्तक नै मगर खाम भाषामा बनाएर लागू गरे पनि यत्तिले मात्रै भाषा संरक्षण नहुने स्थानीय थमबहादुर घर्तीले बताउनुभयो । दिनदिनै गाउँ छाडेर बजार झर्नेको सङ्ख्या ठूलो भएको जनाउँदै उनीहरूलाई गाउँ नरोकेसम्म भाषा संरक्षण गर्न चुनौती हुने उहाँको भनाइ छ । आफ्नै गाउँठाउँमा सेवा सुविधा र रोजगार सिर्जना गर्न सकेमात्रै खाम भाषा र परम्परा जोगाउन सकिने घर्तीमगरले बताउनुभयो । गाउँमा हुने सार्वजनिक कार्यक्रममा पहिले सबै खाम भाषा बोल्ने गरेकामा हिजोआज बोल्न छाडेको उहाँले गुनासो पोख्नुभयो । स-साना बालबालिकालाई हरेक परिवारले आफ्नो भाषा सिकाउन नसके, अबको एक दशकमा यस क्षेत्रमा कोही पनि खाम भाषा नबोल्ने स्थिति आउन सक्ने घर्तीमगरको भनाइ छ । "मैले ठूलै हुँदासम्म अहिले बोल्ने खस भाषा बोल्न जान्दैनथे, गाउँघर सबैतिर खाम भाषा बोल्थे, मैले पनि सानैदेखि त्यही बोलेको हुँदा ठूलै भए जाने बुझ्ने हुँदासम्म अरु भाषा बोल्न आउँदैनथ्यो, तर अहिलेका केटाकेटीलाई खाम भाषा सिकाउनुपर्छ", उहाँले भन्नुभयो, "अब सरकारले गाउँ छाडेर बजार जानेलाई यहीं रोक्नुपर्छ नत्र हाम्रो भाषा, पहिचान गुम्छ, मलाई साह्रै चिन्ता लागेको छ, मैले गाउँमा हिँड्दा साना बालबालिकालाई भेट्दा पनि खाम भाषामै बोल्छु र बोल्न लगाउँछु, हरेक घर-घरमा खाम भाषा नै बोल्नुपर्ने व्यवस्था गर्नुपर्छ ।"

निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले खाम भाषासँगै निसीखोलामा रहेका कला, संस्कृति र परम्परालाई संरक्षण गर्न पालिकाले हरेक वर्ष बजेट विनियोजन गरेर काम गर्दै आएको बताउनुभयो । यस वर्षदेखि विद्यालयस्तरबाटै भाषा संरक्षणका लागि मगर खाम भाषामै पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरेर लागू गरेको उहाँको भनाइ छ । यहाँका हरेक घरमा हरेक व्यक्ति खाम भाषा बोल्ने गरेको भन्दै नयाँ पुस्तालाई पनि आकर्षित गर्ने खालको कार्यक्रम सञ्चालन गर्ने र गाउँघरमा बोल्दा यो भाषालाई अनिवार्य बनाउन जरुरी रहेको उहाँ बताउनुहुन्छ । आधुनिकताले भाषासँगै अन्य पक्षमा पनि असर पुगेको अध्यक्ष घर्तीमगरले बताउनुभयो । उहाँले भन्नुभयो, "मगर खाम भाषा संरक्षणमा हामी गम्भीर भएर लागेका छौं, बूढापाकाले त पहिलेदेखि नै बोल्दै आउनुभएको छ, नयाँ पुस्तालाई बढी जोड दिएका छौं, गाउँमा बस्नेले त जसरी पनि भाषा बोल्ने गर्छन्, बजार झरेर पढ्ने, व्यवसाय तथा रोजगारी गर्नेलाई पनि भाषा संरक्षण गर्नतर्फ लाग्न आग्रह गरेका छौं ।"

# तनहुँमा प्रभावकारी बन्दै सुरक्षित आप्रवासन कार्यक्रम

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ मंसिर

तनहुँ जिल्लामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम प्रभावकारी बन्दै गएको छ । वैदेशिक रोजगारीमा जाने व्यक्तिको हकहितका लागि प्रभावकारी ढङ्गले सेवा प्रवाह गरेकाले यसको प्रभाव बढेको हो । वैदेशिक रोजगारीमा ठगिएका, दुर्घटनामा परी घाइते भएका, मृत्यु भएकालगायत पीडितका निम्ति संस्थाले काम गर्दै आएको सामी कार्यक्रमका परामर्शदाता गोमा तिवारीले जानकारी दिनुभयो । केही दिनअघि मात्रै व्यास-५ पाटन निवासी ४३ वर्षीय राजकुमार अच्छामीको साउदीमा मृत्यु भएपछि करिब दुई हप्तामा शव नेपाल ल्याउन सफल भएको छ ।

"मृतकका परिवारले मङ्सिर १ गते सामी कार्यालयमा आएर निवेदन दिएपछि प्रक्रिया अघि बढाएका थियौँ", उहाँले भन्नुभयो, "छिट्टै शव झिकाएर आफन्तको जिम्मा लगाउन सफल भएका छौँ ।" उहाँका अनुसार अच्छामीको मङ्सिर १४ गते परिवारको जिम्मा लगाई जातीय परम्पराअनुरुप दाहसंकार गरिसकेका छन् ।

गत कात्तिक २१ गते साउदीमा साइकल दुर्घटनामा परी मृत्यु भएको थियो । साउदी अरबबाट छोटो अवधिमा शव नेपाल ल्याउन सफल भएको यो पहिलो घटना हो ।

सामी कार्यक्रमले विदेश जाने क्रममा ठगिएका कैयौँ व्यक्तिको फसेको रकम पीडितलाई फिर्ता गराउन सफल भएका छौँ", उहाँले भन्नुभयो । सामी कार्यक्रमले छोराको शव नेपाल झिकाउन ठूलो सहयोग गरेको मृतककी आमा रेनु अच्छामीले बताउनुभयो । वैदेशिक रोजगारीको सिलसिलामा लामो समयदेखि मोटो रकम फसेका व्यक्तिलाई कानुनी प्रक्रियाबाट रकम उपलब्ध गराएपछि पीडित परिवार खुशी भएर घर फर्किने गरेका छन् । त्यसैगरी सम्झौताअनुरुप काम गर्न नपाएका, कम्पनीले पासपोर्ट होल्ड गरी राखेका, अलपत्र बनाइएका लगायतका व्यक्तिको उद्धार गरी क्षतिपूर्ति बापतको रकम उपलब्ध गराउन सामीले सहजीकरण गर्दै आएको उहाँले बताउनुभयो । जिल्ला प्रशासन कार्यालय तनहुँमा राहदानी बनाउन आउने युवायुवतीलाई विदेशमा जाँदा अपनाउनुपर्ने सतर्कताका बारेमा सचेत गराएर सामीले पठाउने गरेको छ ।

आर्थिक वर्ष ०७९/८० मा तनहुँमा एक सय ६२ वटा मुद्दा दर्ता भएको छ । वैदेशिक रोजगारीको सिलसिलामा ठगिएका, मृत्यु भएका, दुर्घटनामा परी घाइते भएकालगायत घटना ९४ वटा मुद्दा सामीको सक्रियतामा फछ्र्यौट भएका हुन् । परामर्शदाता तिवारीका अनुसार बाँकी ६८ वटा मुद्दा फछ्र्यौटको प्रक्रियामा छन् । गत सामी कै सक्रियतामा जिल्लाका नौजनाको शव नेपाल ल्याइएको थियो ।

**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०८/१९

यस कार्यालयबाट मिति २०७६/०५/३० मा कास्की जिल्ला पोखरा १७ कास्कीमा संचालन गर्ने गरि पोखरा २१ कास्की निवासी लिला शाहीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १६२४८/०७६/०७७(३७९९) को लिला खाजा घर नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०८/१९ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# पर्वतमा औँसे कीराले ३० प्रतिशत सुन्तला नष्ट, किसान चिन्तित

**पोखरापत्र संवाददाता**
पर्वत, १९ मंसिर

पाक्ने बेलाको सुन्तलामा औँसे कीरा फैलिएर नाश हुन थालेपछि पर्वतका किसान चिन्तित छन् । सुन्तला खेतीका लागि पकेट क्षेत्र मानिएको पर्वतको मोदी गाउँपालिका-२ देउपुर र दक्षिण पर्वतको पैंयु गाउँपालिका-३ त्रिवेणीमा पछिल्लो दुई सातायता औँसे कीराको प्रकोप फैलिएको हो । सुन्तला बेचेर राम्रो आम्दानी गर्ने बेलामा औँसे कीरा र पतेरोले सुन्तला झरेर बगैँचा भरिएको किसानले बताएका छन् । देउपुरका दाताराम चापागाईले असिना र खडेरीबाट जोगिएको सुन्तला बिक्री गरेर केही आम्दानी गर्ने आशामा रहेका बेला औँसे कीराका कारण सुन्तला झर्न र बोटसमेत मर्न थालेका बताउनुभयो ।

देउपुरमा मात्रै तीन सय बढी किसान व्यावसायिक सुन्तला खेती गर्दै आएका छन् । यो गाउँबाट गत वर्ष रु तीन करोडको सुन्तला बिक्री भएको स्थानीय माछापुच्छ्रे सुन्तला उत्पादक समूहका अध्यक्ष दाताराम चापागाईले जानकारी दिनुभयो । पछिल्ला केही दिनयता औँसे कीरा लागेर धमाधम सुन्तला झर्न थालेको उहाँले बताउनुभयो । यस वर्षमा स्थानीय मोदी गाउँपालिका र कृषि ज्ञान केन्द्रमा अनुरोध गरे पनि निदानका लागि कुनै उपाय नपाएको स्थानीय प्रकाश चापागाईले बताउनुभयो ।

पर्वतमा उत्पादित सुन्तला पोखरा, काठमाडौँ र बुटबल लैजाने भए पनि अहिलेसम्म व्यापारी आइपुगेका छैनन् । टिप्ने बेलामा झर्ने र भएका दानामा पनि कीरा लागेर खानै नमिल्ने समस्या देखिएको उहाँको भनाइ छ ।

कृषि ज्ञान केन्द्र पर्वतले देउपुर र त्रिवेणीलगायत ठाउँमा औँसे कीराबाट झन्डै ३० प्रतिशत क्षति पुगेको जनाएको छ । कृषि ज्ञान केन्द्र पर्वतका प्रमुख परशुराम अधिकारीले २५ देखि ३० प्रतिशत क्षति पुगेको र थप क्षति हुन नदिनका लागि जतिसक्दो चाँडो सुन्तला टिपेर बजार पठाउन आग्रह गरिएको उहाँले बताउनुभयो । उहाँले औँसा कीराले झरेका सुन्तलालाई प्लास्टिकमा जम्मा गर्ने र नष्ट गर्ने यो प्रक्रियाले कीराको चक्र ब्रेक गर्न सकिने भएकाले किसानलाई प्लास्टिकमा जम्मा गरेर नष्ट गर्न लगाइएको समेत बताउनुभयो । औँसा कीराको प्रकोपबारे पोखराबाट बाल संरक्षण प्रयोगशालाबाट विज्ञहरू लगेरसमेत स्थलगत अनुगमन गरिएको कीराको प्रकोप निदानका लागि किसानलाई आवश्यक सल्लाह र विषादीसमेत सिफारिस गरिएको बताउनुभयो । चाइनिज फ्रुट प्लाई अर्थात् औँसा कीराको चक्र नष्ट गर्न झरेका सुन्तला प्लास्टिकमा जम्मा गर्ने र गहिरो खाल्डोमा पुर्न उहाँ सुझाउनुहुन्छ ।

पर्वतमा झन्डै नौ सय हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । जिल्लाका अन्य क्षेत्रमा भने अहिलेसम्म रोग कीराको समस्या नदेखिएको कृषि ज्ञान केन्द्र पर्वतले जनाएको छ । गत वर्ष पर्वतबाट रु ३० करोडका सुन्तला निर्यात भएको थियो । किसानले समयमै मल, कीटनाशक विषादीको प्रयोग, बगैँचा सुधार गरेको तथा यस वर्ष हावाहुरी असिनाले मुख्य पकेट क्षेत्रहरूमा असर नपारेका कारण पर्वतमा यस वर्ष पनि सुन्तला उत्पादनमा वृद्धि हुने केन्द्रले जनाएको छ ।

# सुन्तला प्रदर्शनीका जगमा सुरु लेखनाथ महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

पर्यटकीय नगरी पोखरा प्रवेश गर्ने कास्की र तनहुँको कोत्रेबाट विजयपुर पुलसम्म फैलिएको भू-भाग हो लेखनाथ ।

कवि शिरोमणि लेखनाथ पौड्यालको नामबाट २०५३ साल माघ १८ गते लेखनाथ नगरपालिकाको घोषणा गरिएको यो भू-भाग अहिले भने बृहत् पोखराको अवधारणासँगै पोखरा महानगरपालिकामा नै समेटिएको छ । सुरुमा लेखनाथ क्षेत्रको पहिचानसमेत जोगाउने भन्दै पोखरा लेखनाथ महानगरपालिका नामकरण भएकामा अहिले भने लेखनाथ शब्द हटाइसकिएको छ ।

यस क्षेत्रका तत्कालीन राखी, लेखनाथ, शिशुवा र बेगनास गाउँ विकास समितिलाई मिलाएर लेखनाथ नगरपालिका घोषणा गरिए पनि यो क्षेत्रको अपेक्षित विकास बढ्न नसकेको विषयले चासो र चर्चा पाउने गरेको छ । पोखरा महानगरपालिकामा समेटिएसँगै लेखनाथतिरको भू-भाग अझै ओझेलमा पर्ने हो कि भन्ने चिन्ता बढिरहेको यहाँका अगुवा बताउँछन् ।

नगरपालिकाको घोषणासँगै यस क्षेत्रको पहिचान एवं संस्थागत प्रयासलाई अपरिहार्य ठान्दै गरिएका विभिन्न कार्यमध्येको महत्त्वपूर्ण प्रयासका रूपमा लेखनाथ उद्योग वाणिज्य सङ्घ गठन गरिएको हो । नगरपालिकाको घोषणा हुनुअघि यस क्षेत्रभित्रका हालका पोखरा महानगरपालिका वडा नं २६, २७, २८, २९, ३०, ३१ र ३२ मा खासै गन्नलायकका उद्योग सञ्चालनमा आएका थिएनन् । सुरुमा लेखनाथ क्षेत्रमा तोरी, तेल, चकलेट, खाद्यान्न कुटानी, पिसानी फर्निचर आदि उद्योग सञ्चालनमा आएकामा पछि विस्तारै बिस्कुट, चाउचाउ, साबुनलगायतका उद्योग थपिँदै गएका हुन् । तत्कालीन समयमा यहाँका मुख्य व्यापारिक केन्द्रमा शिशुवा, अर्घौ पौवा, बूढीबजार, बेगनासाताल, गगनगौँडा, सातमुहाने, राजाको चौतारा रहेका थिए । नगरपालिका घोषणापछि यहाँका उद्योगी-व्यवसायीले लेखनाथमा उद्योग वाणिज्य सङ्घको आवश्यकता महसुस गर्दै २०५४ साल असार ३० गते शनिबार बिहान पोखरा महानगरपालिका वडा नं २६ विजयपुरमा विचित्रमोहन भट्टराईको बगैँचामा भोगटेको बोटमुनि भएको भेलाबाट चन्द्रकृष्ण कर्माचार्यको संयोजकत्वमा लेखनाथ उद्योग वाणिज्य सङ्घको तदर्थ समिति गठन गरेका थिए । लेखनाथ उद्योग वाणिज्य सङ्घले लेखनाथको क्षेत्रकै प्रवर्द्धनको उद्देश्य राख्दै २०५८ सालदेखि सुन्तला प्रदर्शनीबाट सुरु गरेको लेखनाथ महोत्सव यस क्षेत्रको पहिचानका लागि महत्त्वपूर्ण बन्दै गएको सङ्घका अध्यक्ष विनोद श्रेष्ठले बताउनुभयो । महोत्सवलाई समयानुकूल परिस्कृत गर्दै २०६१ सालदेखि वार्षिकरूपमा लेखनाथ महोत्सव गर्दै आएको बताउँदै उहाँले विभिन्न जातजाति, भाषाभाषीलाई एकै थलोमा उपस्थित गराएर लेखनाथ क्षेत्रको पहिचान गराउने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको उहाँले बताउनुभयो ।

सङ्घले यस वर्ष पुस ५ देखि १६ गतेसम्म यसै क्षेत्रको तालचोकमा १९औँ संस्करणको महोत्सव गर्न लागेको महोत्सव मूल आयोजक समितिका संयोजकसमेत रहनुभएका श्रेष्ठले बताउनुभयो । "महोत्सवको माध्यमबाट यस क्षेत्रमा उत्पादित वस्तुको बजारीकरण गर्ने, कृषि सामग्री एवं महिला उद्यमीको उत्पादन प्रदर्शनी एवं बिक्री गरिने छ", उहाँले भन्नुभयो । कोभिड-१९ र युक्रेन युद्धका कारण विश्वभर आएको आर्थिक मन्दीबाट थला परेको देशको अर्थतन्त्रलाई चलायमान बनाउन तथा पर्यटन प्रवर्द्धन गर्न यस संस्करणको महोत्सव महत्त्वपूर्ण बन्ने विश्वास लिइएको प्रचार-प्रसार समिति संयोजक उपेन्द्रराज सुवेदी 'राजु'ले बताउनुभयो । "देशका औद्योगिक उत्पादनलाई बढवा, हस्तकलाका सामानको बजार प्रवर्द्धन र सोको पहिचान, स्थानीय उत्पादन, लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, आवश्यक ज्ञान, सीप, उद्यमशीलता र प्रविधि हस्तान्तरणका लागि महोत्सव महत्त्वपूर्ण बन्नेछ", उहाँले भन्नुभयो । महोत्सवका विशेष कार्यक्रममा कवि लेखनाथ पौडेलको सम्झनामा साहित्यिक कार्यक्रम, महिला विशेष तथा रीतिरिवाज जगेर्नाअन्तर्गत रत्यौली कार्यक्रम, विद्यालयस्तरीय कार्यक्रम, सांस्कृतिक कार्यक्रम, आदिवासी जनजाति विशेष कार्यक्रम, लोपोन्मुख रीतिरिवाज तथा संस्कृति झल्कने उत्कृष्ट नृत्य प्रदर्शनी आदि समेटिने छ ।

महोत्सवको बचत रकमबाट प्रदर्शनीस्थल र सङ्घको भवनको स्तरोन्नति, औद्योगिक क्षेत्र निर्माणका लागि पहल एवं सहयोग, कवि शिरोमणि लेखनाथ पौड्यालको जन्मस्थल विकास गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो । त्यस्तै पर्यटन विकासतर्फ बेगनासतालमा बराह मन्दिर संरक्षण, उत्पादित वस्तुहरूको प्रवर्द्धनका लागि कोसेली घर निर्माण, सङ्घद्वारा बेगनासतालमा निर्मित लेटर बोर्डको परिसरमा चेम्बरपार्क निर्माणलगायतकाविभिन्नसामाजिक कार्यमा खर्च गरिने उहाँले बताउनुभयो ।

# उपकरण बिग्रँदा बिरामी मारमा

**पोखरापत्र संवाददाता**
डुम्रे, १९ मंसिर

जिल्लामा मिर्गौलासम्बन्धी रोगका बिरामी बढ्दो अवस्थामा रहँदा हाल सञ्चालित एकमात्र डायलासिस केन्द्रको उपकरण बिग्रँदा बिरामी मारमा परेका छन् । तनहुँ सदरमुकामस्थित दमौली अस्पतालमा सञ्चालित शत्रुघ्न-मञ्जु मिर्गौला डायलासिस केन्द्रमा डायलासिस उपकरण बिग्रँदा बिरामी मर्कामा परेका हुन् ।

उपकरण बिग्रिएपछि बिरामी र बिरामीका परिवार पालो कुर्दासमेत उपचार गराउन नपाउँदा चिन्तामा परे पनि डायलासिस गर्न आउने बिरामीलाई सहज रूपमा सेवा दिन नसकिएको डायलासिस सेवा शाखाका इन्चार्ज शैलेन्द्र पण्डितले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "केन्द्रमा रहेका १३ वटा उपकरणमध्ये हाल चारवटामात्र चलेको छ । नौवटा बिग्रिएर बसेको छ । बिरामीका चाप धान्नै मुस्किल भएको छ । बिग्रिएको उपकरण बनाउन प्राविधिक काठमाडौँबाटै आएर बनाउँदा पनि केही समयका लागिमात्र भयो फेरी तत्काल मर्मत गर्न सकिएको छैन । अस्पतालमा बायोमेट्रिक टेक्निसियनको दरबन्दी नहुँदा उपकरण बिग्रिएपछि बनाउन बाहिरबाट प्राविधिक ल्याउनुपर्छ ।" "पालो पर्खिएका बिरामी पनि बढेकाले उपकरण बिग्रिएपछि तिनको तथ्याङ्क सङ्कलन गर्नसमेत सकस भएको छ" इन्चार्ज शैलेन्द्र पण्डितले भन्नुभयो, उहाँहरूको आशा पालो पाइन्छ कि भन्ने हुन्छ तर अहिलेसम्म अपडेट गरिएको छैन । पुराना उपकरण बनाउँदा पनि चलाउने सम्भावना नरहेकाले अहिले दैनिक १६ जनाले मात्र डायलासिस गराइरहनुभएको छ ।" उहाँका अनुसार ७० जना मिर्गौलाका बिरामीले नियमितरूपमा डायलासिस गराइरहेका छन् । हालसम्म ३० जनाभन्दा बढीले पालो पर्खिरहेका छन् । हामीले फलोअप गर्दा आशा लागेका बिरामी निराश हुने अवस्था छ । तथ्याङ्क फलोअप नै गरिएको छैन । दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले डायलासिस केन्द्रमा अधिकांश उपकरण बिग्रँदा सेवा प्रवाहमा सकस भएको बताउनुभयो । उहाँले भन्नुभयो, "विभाग, मन्त्रालयलगायत सम्बन्धित निकायमा यसबारे पटकपटक ध्यानाकर्षण गराएँ । तर, सुनुवाइ भएको छैन ।" चारवटा उपकरण मात्रै सञ्चालन हुँदा मध्यरातसम्म कुरेर बिरामीले डायलासिस गर्नुपरेको छ । अध्यक्ष थापाले भन्नुभयो, "धेरै उपकरण बिग्रिएकाले चार घण्टासम्म गर्नुपर्ने डायलासिस तीन घण्टामात्र गरिएको छ । बिरामीको चाप धेरै हुँदा मध्यरातसम्म बसी बिरामीले पालो कुरेर उपचार गर्ने गर्नुभएको छ ।" डायलासिस केन्द्रमा नियमितरूपमा डायलासिस गराउँदै आएकामा उपकरण बिग्रिएपछि सबैलाई समयमै पालो दिन डायलासिसको समय घटाइएको उहाँले जानकारी दिनुभयो । माग धेरै छन् तर सबैलाई सेवा दिन नसकिएको समितिले जनाएको छ । विसं २०८० जेठ १७ गते राष्ट्रिय मिर्गौला उपचार केन्द्र काठमाडौँको प्राविधिक टोली आएर बिग्रिएका उपकरण मर्मत गरी सञ्चालनमा ल्याए पनि पुनः ती उपकरण बिग्रिएका छन् । तीस जना बिरामी पालो कुरेर बसेका छन् । अध्यक्ष थापाले भन्नुभयो, "प्रदेश सरकार र सङ्घीय सरकारसँग उपकरण थप गरी सेवा सहज बनाउन र बिग्रिएका उपकरण बनाउन बारम्बार माग गरे पनि सुनुवाइ भएको छैन ।"

विभागबाट अस्पतालका लागि पाँचवटा उपकरण पठाइएकामा दुईवटा यहाँ छाडेर प्रदेश सरकारले तीनवटा लगेपछि यहाँ अहिले सेवा प्रवाह गर्नै मुस्किल भएको उल्लेख गर्दै अध्यक्ष थापाले भन्नुभयो, "प्रदेश सरकार जिम्मेवार नहुँदा समितिले काम गर्न नसकेको अवस्था छ । पठाएको उपकरण नै प्रदेशले लगेपछि अहिले तत्काल पठाउन नसकिएको विभागले जनाएको उहाँले सुनाउनुभयो । अस्पताल प्रदेश मातहत भएपछि प्रदेश सरकार समयमा जिम्मेवार भएमा सेवा प्रवाह सहज बनाउने सकिने अध्यक्ष थापाको भनाइ थियो । विसं २०७२ मङ्सिर ३ गते देशभरका जिल्ला अस्पतालमध्ये दमौली अस्पतालमा पहिलोपटक डायलासिस केन्द्र स्थापना भएको थियो । हेल्थ केयर फाउन्डेसन अफ नेपालले दमौली अस्पतालमा डायलासिस केन्द्र स्थापना गरेको हो । केन्द्रमा सुरुमा रु एक करोड २० लाखको लागतमा छ वटा डायलासिस उपकरण जडान गरी सेवा प्रवाह गर्न थालिएको थियो । पछि तीनवटा उपकरण थप गरिएको हो । उक्त केन्द्रका लागि मञ्जु उपाध्यायले आफ्ना स्वर्गीय पति शत्रुघ्न उपाध्यायको स्मृतिमा दमौली अस्पतालमा रु एक करोड सहयोग गर्नुभएको थियो भने पछि उपकरण थप गर्न रु २५ लाख सहयोग गर्नुभएको थियो ।


## शिक्षक आवश्यकता

पोखरा महानगरपालिका शिक्षा महाशाखाको मिति २०८०/०८/१९ गतेको पत्र संख्या ०८०/८१ च.न. ३४५ को पत्रअनुसार यस श्री अनदु आ. वि. मा रिक्त हुन आएको प्रा.वि. तह तृतीय श्रेणीको सट्टा करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८०/०८/१९ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**
विज्ञापन नं.: ०१-०८०/८१
पदः प्रा.वि. सट्टा करार शिक्षक संख्याः १ जना
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः न्यूनतम कक्षा १२ पास वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८०/०९/०४ गते ४:०० बजेसम्म
निवेदन दस्तुरः रु १०००।-
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः पोखरा महानगरपालिका शिक्षा महाशाखा

**श्री अनदु आधारभूत विद्यालय**
**पोखरा-२२ अनदु, पुम्दीभुम्दी, कास्की**
**सम्पर्क नं.: प्र.अ. ९८४६१४४१६३ अध्यक्ष: ९८५६०२३०१०**


# धान र कोदो उत्पादन बढ्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ मंसिर

म्याग्दीमा यसवर्ष धान र कोदोको उत्पादन बढेको छ । गत वर्षको तुलनामा धान उत्पादन चार दशमलव ३४ प्रतिशत र कोदो उत्पादन शून्य दशमलव ६५ प्रतिशतले उत्पादन बढेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

अनुकूल मौसम, रोगकीराको समस्या नभएको र रासायनिक मलको आपूर्ति सहज हुँदा धान र कोदो उत्पादन बढेका केन्द्र प्रमुख सञ्जीव बाँस्तोलाले बताउनुभयो । गतवर्ष म्याग्दीमा तीन हजार दुई सय ५० मेट्रिकटन कोदो र ११ हजार नौ सय २९ दशमलव ३३ मेट्रिकटन धान उत्पादन भएको थियो । केन्द्रका प्राविधिक सहायक सम्झना आचार्यले यसवर्ष प्रतिहेक्टर धानको उत्पादकत्व तीन दशमलव दुई र कोदोको उत्पादकत्व एक दशमलव दुई मेट्रिकटन भएको जानकारी दिनुभयो । तीन हजार आठ सय ९० हेक्टर क्षेत्रफलमा १२ हजार चार सय ४८ मेट्रिकटन धान र दुई हजार सात सय ५० हेक्टर क्षेत्रफलमा तीन हजार तीन सय मेट्रिकटन कोदो उत्पादन भएको उहाँको भनाइ छ ।

"जिल्लाका विभिन्न ठाउँमा गरिएको धान र कोदो बालीको क्रप कटिङ विधिबाट उत्पादनको अवस्थाका विषयमा अध्ययन गरेका थियौँ", आचार्यले भन्नुभयो, "धान र कोदो दुवैको उत्पादकत्व बढेको छ ।" यहाँ गौरी, जेठो बुडो, जर्नेली, पहेँले, मार्सी, ताकमारे, भट्टे र छमरुङ, माछापुच्छ्रे, अन्नपूर्ण ३, खुमल ४, खुमल १०, लुम्ले २ लगायतका उन्नत जातका धान खेती गर्ने गरिएको छ ।

लेकाली क्षेत्रका किसानले भिरालो जमिनमा गर्न सकिने र सिँचाइ आवश्यक नपर्ने घैया जातको धानखेती हुन्छ । कोदो भने स्थानीय जातको खेती हुनेगर्छ । एक नगरपालिका र पाँचवटा गाउँपालिका रहेको म्याग्दीको प्रायजसो क्षेत्रमा धान खेती हुन्छ । जिल्लाको रत्नेचौर, ज्यामरुककोट, अर्थुङ्गे, पुलाचौर, सिङ्गा, बराङ्जा, बाबियाचौर, कुहुँ, अर्मन, दरबाङ, ताकम, घतान, पात्लेखेत, पिप्ले, भगवती, शिख, घार, भुरुङ-तातोपानी, नारच्याङ, दानालगायत क्षेत्रमा धानखेती हुँदै आएको छ । यी क्षेत्र धान उत्पादनका हिसाबले पकेटक्षेत्र मानिन्छन् ।

धवलागिरि गाउँपालिकाको गुर्जा र लुलाङमा अत्यधिक चिसोका कारण धान उत्पादन हुँदैन । म्याग्दी जिल्लामा कूल ३० हजार आठ सय ५६ हेक्टर खेतीयोग्य जमिन रहेकोमा त्यसमध्ये जम्मा १९ हजार चार सय ९८ हेक्टरमा मात्रै खेती गरिएको छ । खेती गरिएको जमिनमध्ये ६ हजार १३ हेक्टर अर्थात् ३० दशमलव ८ प्रतिशत मात्रै सिञ्चित जमिन छ । यसमध्ये १६ सय ८० हेक्टरमा बाह्रैमहिना सिँचाइ हुन्छ भने भमर हजार तीन सय ३३ हेक्टरको जमिनमा मौसमी सिँचाइ हुने गरेको छ ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २०१७/०२/१७ गते
स्वर्गारोहणः २०८०/०८/०८ गते

**स्व. खुमान सिं गुरुङ**

साविक अर्मला गा.वि.स. रेन्जित गाउँ (रिंजे नाँस) हाल पोखरा महानगरपालिका वडा नं. १६, दीपमा बस्दै आउनु भएका यस परिवारका सदस्य श्री दिपु गुरुङ, श्री दिपाल गुरुङ र श्री बिक्कल गुरुङका पुजनीय बुबा **खुमान सिं गुरुङको** ६४ वर्षको उमेरमा असामयिक निधन भएको आज पितृकार्यको अवसरमा दिवंगत आत्माको चिरशान्ति, भगवान वुद्धको काखमा शरण मिलोस भनि कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**धर्मराज गुरुङ**
**अध्यक्ष तथा**
**श्री म्रिलु लेम परिवार**
**पोखरा, कास्की**